नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## विधायन ऐन, २०८१ को दफा ६ को प्रयोजनका लागि

## वन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक (२०८३)

(क) **विधेयक तर्जुमा गर्नु पर्नाको कारणः**

वन ऐन, २०७६ को कार्यान्वयनमा परेका अप्ठ्यारा एवं कानुनी अड्चनलाई समसामयिक र व्यावहारिक बनाउन यसअघि केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८३ ले सम्बोधन गरेको भए तापनि उक्त अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक सङ्घीय संसदमा पेस नभएको र दर्ता भएको अध्यादेशमा छलफल समेत नभई नेपालको संविधानले तोकेको अवधि समेत व्यतित भई अध्यादेशमा भएको प्रावधान निस्कृय भएको छ। उक्त अध्यादेशको निस्कृयताले दैनिक रूपमा कार्यान्वयन गर्नुपर्ने वन ऐनको प्रावधानमा अध्यादेश अघि वा पछिको कानुन पालना गर्ने भन्ने विषय अन्योलमा रहेको अवस्थालाई छिटो माध्यमबाट परिपूर्ति गर्न र निजी वन जङ्गल राष्ट्रियकरण ऐन, २०१३ खारेज गर्नुपर्ने भएकाले वन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक (२०८३) को तर्जुमा गर्नु परेको हो।

(ख) **मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभावः**

नेपालको संविधानको धारा ३० मा स्वच्छ वातावरणमा बाँच्न पाउने हकको सुनिश्चितताका लागि प्रस्तुत विधेयककले महत्वपूर्ण योगदान पुर्याउनेछ किनकि वन वातावरणको विषय यसमा जोडिएको छ।

(ग) **आर्थिक तथा वित्तीय क्षेत्रमा पर्ने प्रभावः**

राजश्व खातामा रकम जम्मा हुने प्रावधान सुनिशचित भई राज्यको आम्दानीको निश्चित रकम वन विकास कोषमा समेत आउने र सो कोषमा अन्य दातृ निकायबाट प्राप्त रकम जम्मा हुने भएकाले स्वाभाविक रूपमा आर्थिक तथा वित्तीय क्षेत्रमा सकारात्मक प्रभाव पर्न जान्छ।

(घ) **दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोगः**

प्राकृतिक सम्पदाको रूपमा रहेको वन जङ्गलको उचित संरक्षण तथा सदुपयोगले अन्य निकाय तथा दिगो विकासको लक्ष्य हासिल गर्न मनग्गे रूपमा सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ।

(ङ) **सुशासन प्रभावमा पर्ने प्रभावः**

केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८३ को निस्कृयताले दैनिक रूपमा कार्यान्वयन गर्नुपर्ने वन ऐनको प्रावधानमा अध्यादेश अघि वा पछिको कानुन पालना गर्ने भन्ने विषय परेको अन्योलता हटाई थप कानुनी व्यवस्थालाई प्रस्तुत व्यवस्थाले सम्बोधन गरेको हुँदा कानुनको शासनको माध्यमबाट सुशासनमा थप टेवा पुग्न जान्छ।

(च) **जलवायु अनुकूलनमा पुग्ने सहयोगः**

सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

वन देशको सबैभन्दा ठुलो प्राकृतिक सम्पदा हो। भावी पुस्तालाई समेत प्राकृतिक सम्पदाको प्रयोग गर्न पाउने अधिकार सुनिश्चित गराउने कर्तव्य अहिलेको पुस्ताको दायित्व हो। यही आवश्यकतालाई पूरा गर्न विद्यमान वन ऐनलाई समयानुकूल परिमार्जन गर्दै जलवायु अनुकूलनमा सकारात्मक प्रभाव पार्न सहयोग पुग्ने गरी विधेयक तर्जुमा गरिएको छ।

(छ) अन्य आवश्यक कुराः

निजी वन जङ्गल राष्ट्रियकरण ऐन, २०१३ मा भएका व्यवस्था वन ऐनमा समावेश भएकाले यो ऐन खारेज गरी ऐन बमोजिम भए गरेको कामकारबाहीलाई बचाउ गरिएको छ।

सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

# वन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावनाः वन ऐन, २०७६ लाई समायानुकूल संशोधन गर्न वाञ्छनीय भएकाले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "**वन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०८३**" रहेको छ।

(२) यो तुरून्त प्रारम्भ हुनेछ।

२. वन ऐन, २०७६ को दफा २ मा संशोधनः वन ऐन, २०७६ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (घ) पछि देहायको खण्ड (घ१) थप गरिएको छः-

"(घ१) "कार्यालय" भन्नाले वृक्ष सुधार तथा भू परिधि संरक्षण कार्यालय सम्झनुपर्छ।"

(२) खण्ड (ज) को सट्टा देहायको (ज) राखिएको छः-

"(ज) "डिभिजनल वन अधिकृत" भन्नाले डिभिजन वन कार्यालयको प्रमुख सम्झनुपर्छ र सो शब्दले सागरनाथ वन विकास परियोजना, रतुवामाई वन विकास परियोजना वा नेपाल सरकारद्वारा व्यवस्थापन गरिएको वन क्षेत्रको व्यवस्थापन गर्ने कार्यालयको प्रमुख समेतलाई जनाउँछ।"

(३) खण्ड (थ) पछि देहायको (थ१) राखिएको छः-

"(थ१) "वन नियन्त्रक" भन्नाले नेपाल सरकारको राजपत्राङ्कित श्रेणीको वन विभागले खटाएको व्यक्ति वा प्रमुख सम्झनुपर्छ।"

(४) खण्ड (फ) मा रहेका "वा वनभित्र रहेको" भन्ने शब्दहरू पछि "वनसँग जोडिएको" भन्ने शब्दहरू राखिएका छन्।

(५) खण्ड (ब) मा रहेका "वातावरणीय परीक्षण" भन्ने शब्दहरूको सट्टा "वातावरणीय अध्ययन" भन्ने शब्दहरू राखिएका छन्।

(६) खण्ड (ढ) पछि देहायको खण्ड (ढ१) थप गरिएको छः-

"(ढ१) "प्रमुख" भन्नाले वृक्ष सुधार तथा भू परिधि संरक्षण कार्यालयको प्रमुख सम्झनुपर्छ र सो शब्दले सागरनाथ वन विकास परियोजना, रतुवामाई वन विकास परियोजना वा नेपाल सरकारद्वारा व्यवस्थापन गरिएको वन क्षेत्रको व्यवस्थापन गर्ने कार्यालयको प्रमुख समेतलाई जनाउँछ।"

३. मूल ऐनको दफा ३ मा संशोधनः मूल ऐनको दफा ३ को,-



सचिव

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय बिना राष्ट्रिय वनक्षेत्रको भू-उपयोग परिवर्तन गर्न, राष्ट्रिय वनको भोगाधिकार कसैलाई उपलब्ध गराउन, धितो बन्धकी, सट्टापट्टा वा अन्य किसिमले हक हस्तान्तरण गर्न सकिने छैन।

तर अभिलेखमा वन, वन क्षेत्र वा बुट्यान क्षेत्र जनिएको वा नजिनएको, सीमा लगाएको वा नलगाएको तर फिल्डमा वन नभएको जग्गामध्ये संवत् २०६६ साल माघ २८ गते अगावैदेखि आवाद कमोतमा रहेको जग्गा मात्र यकिन गरी एक पटकका लागि पुनः नक्साङ्कन गरी वन क्षेत्रबाट छुट्याई नेपाल सरकारको नाममा कायम गरी अद्यावधिक गर्न बाधा पर्ने छैन र यसरी पुनः नक्साङ्कन गर्दा अभिलेखमा वन, वन क्षेत्र वा बुट्यान क्षेत्र जनिएको जग्गामा वन नभई खाली वा बुट्यान रहेछ वा वन्यजन्तुको संरक्षण वा व्यवस्थापनका दृष्टिले महत्वपूर्ण क्षेत्र रहेछ भने सो जग्गा वन क्षेत्रमा नै कायम गर्नु पर्नेछ।"

(२) उपदफा (३) पछि देहायको उपदफा (४) राखिएको छः-

"(४) भू-उपयोग परिवर्तनको अभिलेख कार्यालयले आफ्नो क्षेत्रानुसार तोकिए बमोजिम राख्नु पर्नेछ।"

४. <u>मूल ऐनको दफा ११ मा संशोधनः</u> मूल ऐनको दफा ११ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) मन्त्रालयले प्रदेशभित्रको राष्ट्रिय वन र अन्तर प्रादेशिक वनको व्यवस्थापनका लागि प्रदेश मन्त्रालयसँग परामर्श गरी एकीकृत रणनीतिक योजना बनाउनेछ।"

(२) उपदफा (४) पछि देहायको उपदफा (५), (६), (७), (८), (९), (१०), (११), (१२), (१३), (१४), (१५), (१६) र (१७) थपिएका छन्ः-

"(५) विभागले प्रदेश मन्त्रालयसँगको समन्वयमा दिगो वन व्यवस्थापनको सिद्धान्तका आधारमा वन सम्वर्द्धन प्रणाली लागु गर्ने वनको क्षेत्रफल, वन पैदावारको उत्पादन, बिक्रीवितरण र अतिक्रमण नियन्त्रणको राष्ट्रिय लक्ष्य निर्धारण गरी डिभिजनल वन अधिकृतलाई वार्षिक लक्ष्य तोक्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम तोकिएको लक्ष्य पूरा गर्नु डिभिजनल वन अधिकृतको दायित्व हुनेछ।

(७) वनको संरक्षणमा लापरबाही तथा बदनियत राखी काम कारबाही गर्ने डिभिजनल वन अधिकृतलाई कारबाहीका लागि विभागको सिफारिसमा मन्त्रालयले प्रचलित कानुन अनुसार कारबाही गर्न सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ।



सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

(८) विभागले आफै वा कार्यालय मार्फत वार्षिक रूपमा राष्ट्रिय वनको दिगो वन व्यवस्थापन मापदण्ड अनुसार व्यवस्थापन गरेको वनको प्राविधिक अडिट गरी वार्षिक रूपमा प्रतिवेदन प्रकाशन गर्नु पर्नेछ।

(९) उपदफा (८) बमोजिमको अडिट प्रतिवेदन अनुसारका सुझाव पालना गर्नु डिभिजनल वन अधिकृतको दायित्व हुनेछ।

(१०) डिभिजनल वन अधिकृतले आफ्नो जिल्लाभित्रको वनको संरक्षण र व्यवस्थापनको सन्दर्भमा विभाग र मन्त्रालय प्रति जवाफदेही हुनुका साथै डिभिजनल वन अधिकृतले सम्पादन गरेका काम कारबाही निरन्तर रूपमा विभाग र मन्त्रालयद्वारा समीक्षा गरिनेछ।

(११) विभाग र मन्त्रालयले दिएको निर्देशन पालाना गर्नु डिभिजनल वन अधिकृतको कर्तव्य हुनेछ।

(१२) वन संरक्षण व्यवस्थापनको लागि विभाग र मन्त्रालयबाट दिएको निर्देशन पालाना नगरेमा अख्तियारवालाले डिभिजनल वन अधिकृतलाई विभागीय कारबाहीको लागि मन्त्रालयमा सिफारिस गर्नेछ।

(१३) कुनै व्यवस्थापन पद्धति अपनाइएको वन क्षेत्रको व्यवस्थापन पद्धति परिवर्तन गर्नु परेमा कार्यालय मार्फत विभागको सहमति लिनु पर्नेछ।

(१४) विभागले तयार गरेको वन पैदावारको सङ्कलन, ओसार-पसार तथा बिक्रीवितरण प्रणालीमा डिभिजन वन कार्यालयले प्रविष्ट गरी प्रणालीबाट जारी हुने प्रमाणका आधारमा राष्ट्रिय वन क्षेत्रबाट वन पैदावारको सङ्कलन, ओसार-पसार तथा बिक्रीवितरण गर्नु पर्नेछ।

(१६) राष्ट्रिय वनबाट व्यवसायिक प्रयोजनका लागि काठ दाउरा सङ्कलन, बिक्रीवितरण तथा सदुपयोगका लागि नेपाल सरकारले एकद्वार प्रणाली लागु गर्ने गरी निकाय तोकनेछ।

(१७) उपदफा १६ बमोजिमको निकायको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।"

५. <u>मूल ऐनको दफा १३ मा संशोधनः</u> मूल ऐनको दफा १३ को,-

(१) उपदफा (१) मा रहेका "राष्ट्रिय वन क्षेत्र" भन्ने शब्दहरूको सट्टा "राष्ट्रिय वन क्षेत्रभित्र वा वन क्षेत्रभन्दा बाहिर रहेका अन्तर्राष्ट्रिय महत्त्वका रामसार सूचीमा सूचीकृत सिमसार" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) पछि देहायको उपदफा (३) र उपदफा (४) थप गरिएको छः-

"(३) उपदफा (१) बमोजिम सिमसार क्षेत्रको व्यवस्थापन कार्ययोजना प्रमुखले स्वीकृत गर्नु पर्नेछ।



सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

(४) उपदफा (१) बमोजिम सिमसार क्षेत्रको व्यवस्थापन योजना कार्यान्वयन गर्दा प्राप्त गरेको लाभको बाँडफाँट तोकिए बमोजिम हुनेछ।"

६. <u>मूल ऐनमा दफा १३क. र दफा १३ख थप</u>: मूल ऐनको दफा १३ पछि देहायको दफा १३क र दफा १३ख थप गरिएको छः-

"१३क. <u>जैविक मार्गको व्यवस्थापन</u>: (१) राष्ट्रिय वन क्षेत्रभित्रको कुनै भाग वा क्षेत्रलाई प्रदेश मन्त्रालयको परामर्शमा मन्त्रालयले जैविक मार्गको घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम घोषणा गरिएको जैविक मार्गको संरक्षण र व्यवस्थापन डिभिजन वन कार्यालयले गर्नेछ।

(३) जैविक मार्गको जैविक विविधता अभिलेखीकरण, सर्वेक्षण तथा अनुगमन कार्यालयले गर्नेछ।"

१३ख. <u>राष्ट्रिय वनमा पर्यापटन विकास गर्न सकिने</u>: (१) नेपाल सरकार, मन्त्रिपरिषद्ले वातावरणमा प्रतिकूल असर नपर्ने गरी नेपाल सरकारद्वारा तोकिएको राष्ट्रिय वन क्षेत्रभित्र प्रकृतिमा आधारित पर्यापर्यटनको विकास गर्ने प्रयोजनको लागि राष्ट्रिय वनको कुनै भाग वा क्षेत्र दफा २६ अनुसार गरी कबुलियतीनामा गरी दिन सक्नेछ।

(क) साहसिक पर्यटकीय गतिविधिहरू (प्याराग्लाइडिङ, स्काइडाइभिङ, बन्जी जम्पिङ, जिप लाइनिङ, रक क्लाइमबिङ, राफटिङ, क्यानोइङ),

(ख) केवुलकार, चेयरलिफ्ट, रोप वे, ग्राभिटी फ्लो,

(ग) कम्तीमा चार तारे होटल वा

(घ) नेपाल सरकारको स्वीकृतिमा राजपत्रमा सूचना प्रकाशन गरेका प्रकृतिमा आधारित पर्यापर्टनका पूर्वाधारहरू।

(२) उपदफा (१) बमोजिमको प्रकृयामा आधारित पर्यटन विकासका लागि उपलब्ध गराएको राष्ट्रिय वन क्षेत्रमा भौतिक पूर्वाधार निर्माण गरी बाँकी रहेको जग्गामा वनको संरक्षण, विकास र पुनर्स्थापना गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम भौतिक पूर्वाधार निर्माण गर्दा कबुलियतनामा गरी कबुलियतमा गरेको जग्गाको कुल वन क्षेत्रको बिस प्रतिशत वा बढीमा दुई दशमलव पाँच हेक्टरमध्ये जुन कम हुन्छ सोही परिमाणमा नबढ्ने गरी वनको कबुलियतनामा गरेको क्षेत्रमा भौतिक पूर्वाधारको काम गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम भौतिक पूर्वाधार निर्माण हुने वन क्षेत्रफलको यकिन विवरण कार्यालयले तयार गरी स्थलगत प्रतिवेदन विभागमा पेस गर्नु पर्नेछ।



सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

(५) उपदफा (१) बमोजिम भौतिक निर्माण हुने वन क्षेत्रको क्षेत्रफलको आधारमा वातावरण संरक्षण शुल्क बापत तोकिए बमोजिमको रकम कोषमा जम्मा गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको प्रयोजनका लागि रुख हटाउनु परेमा कार्यालयको सिफारिसमा विभागको स्वीकृति लिई हटाउन सकिनेछ।

(६) उपदफा (१) बमोजिमको प्रयोजनको लागि प्रचलित कानुन बमोजिम वातावरणीय अध्ययन गर्नु पर्नेछ।

(७) उपदफा (१) बमोजिमको प्रयोजनको लागि कबुलियतमा लिनेले देहायका कार्य गरेमा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले जुनसुकै बखत त्यस्तो कबुलियतनामा खारेज गरी वन क्षेत्र फिर्ता लिनेछ।

(क) प्रचलित वन तथा वातावरण सम्बन्धी कानुन प्रतिकूल कार्य गरेमा,

(ख) वातावरणीय अध्ययन प्रतिवेदन प्रतिकूल कार्य गरेमा, वा

(ग) कबुलियतनामा प्रतिकूल कार्य गरेमा।

(८) यस दफा बमोजिम वनक्षेत्र कबुलियतमा उपलब्ध गराउने अवधि, प्रकृया र कबुलियतनामा शुल्क तोकिए बमोजिम हुनेछ।

(९) उपदफा (१) बमोजिमको प्रकृयामा आधारित पर्यटन विकासका लागि उपलब्ध गराएको राष्ट्रिय वनको कार्यालयले वार्षिक अनुगमन गरी प्रतिवेदन मन्त्रालय, प्रदेश मन्त्रालय र विभागमा पेस गर्नु पर्नेछ।

(१०) दफा (४) को कार्यालयले पेस गरेको प्रतिवेदनका आधारमा विभागले कार्यान्वयनका लागि व्यवस्थापनको जिम्मा पाएको निकायलाई पठाउनु पर्नेछ।"

७. <u>मूल ऐनको दफा १६ मा संशोधनः</u> मूल ऐनको दफा १६ को उपदफा (३) झिकिएको छ।

८. <u>मूल ऐनको दफा १८ मा संशोधनः</u> मूल ऐनको दफा १८ को,-

(१) उपदफा (७) मा रहेका "पर्यापर्टन कार्यक्रमहरू" भन्ने शब्दहरू पछि "कार्यालयको सहमति लिई" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपदफा (८) मा रहेका "उपभोक्ता समूहले" भन्ने शब्दहरू पछि "कार्यालयको सहमतिमा" भन्ने शब्दहरू थपिएका छन्।

(३) उपदफा (९) पछि देहायको उपदफा (१०) थप गरिएको छः-

"(१०) सामुदायिक वनको एक अर्कोसँग मेल नखाने गरी राष्ट्रिय कोड कार्यालयले तोके बमोजिम डिभिजन वन कार्यालय र उपभोक्ता समूहलाई उपलव्ध गराउनेछ।"



सचिव

९. मूल ऐनको दफा १९ मा संशोधन: मूल ऐनको दफा १९ को उपदफा (२) मा रहेका “प्रदेश वन निर्देशक” भन्ने शब्दहरूको सट्टा “महानिर्देशक” भन्ने शब्द राखिएको छ।

१०. मूल ऐनको दफा २५ मा संशोधन: मूल ऐनको दफा २५ को उपदफा (४) पछि देहायको उपदफा (५) र (६) थप गरिएको छः-

“(५) साझेदारी वनको राष्ट्रिय डाटाबेस विभागले तयार गरी कार्यालयले उपभोक्ता समूहलाई कोड प्रदान गर्नु पर्नेछ।

(६) साझेदारी वनबाट उत्पादित वन पैदावारको उपयोग बिक्रीवितरण तथा बाँडफाँट विभागले तयार गरेको राष्ट्रिय प्रणालीमा डिभिजन वन अधिकृतले प्रविष्ट गर्नु पर्नेछ।“

११. मूल ऐनको दफा २६ मा संशोधन: मूल ऐनको दफा २६ को उपदफा (१) को खण्ड (ङ) र स्पष्टीकरण झिकिएको छ।

१२. मूल ऐनको दफा २७ मा संशोधन: मूल ऐनको दफा २७ को,-

(१) उपदफा (१) र उपदफा (२) मा रहेका “डिभिजनल वन अधिकृतले” भन्ने शब्दहरूको सट्टा “प्रमुखले” भन्ने शब्द राखिएको छ।

(२) उपदफा (४) झिकिएको छ।

१३. मूल ऐनको दफा २८ मा संशोधन: मूल ऐनको दफा २८ को उपदफा (१) मा रहेका "डिभिजन वन अधिकृतले" भन्ने शब्दहरूको सट्टा "प्रदेश सरकार, मन्त्रिपरिषद्ले" भन्ने शब्दहरू राखिएका छन्।

१४. मूल ऐनको दफा २९ मा संशोधन: मूल ऐनको दफा २९ को उपदफा (१) को प्रतिवन्धात्मक वाक्यांशमा रहेका "डिभिजन वन कार्यालय र स्थानीय तहको" भन्ने शब्दहरूको सट्टा "डिभिजन वन कार्यालयको" भन्ने शब्दहरू राखिएका छन्।

१५. मूल ऐनको दफा ३० मा संशोधन: मूल ऐनको दफा १९ को उपदफा (२) र उपदफा (३) मा रहेका “प्रदेश वन निर्देशक” भन्ने शब्दहरूको सट्टा “महानिर्देशक” भन्ने शब्द राखिएको छ।

१६. मूल ऐनको दफा ३१ मा संशोधन: मूल ऐनको दफा ३१ को उपदफा (२) पछि देहायको उपदफा (२क) थप गरिएको छः-

"(२क) उपदफा (२) बमोजिम दर्ता भएका उपभोक्ता समूहको राष्ट्रिय कोड विभागले उपलब्ध गराउनु पर्नेछ।"

१७. मूल ऐनको दफा ३४ मा संशोधन: मूल ऐनको दफा ३४ को उपदफा (५) पछि देहायको उपदफा (६) र उपदफा (७) थप गरिएको छः-

“(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक वन उपभोक्ता समूहले स्थानीय तह, वा निजी क्षेत्रसँग वा सहकारीसँग साझेदारीमा पर्यापर्यटन गतिविधि सञ्चालन गर्दा दफा ११ र दफा २६ बमोजिम गर्नु पर्नेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक वन उपभोक्ता समूहले पर्यापर्यटन गतिविधि सञ्चालन गर्नु पूर्व प्रत्येक गतिविधिको कार्यालयबाट सहमति लिएर मात्र कार्यान्वयन गर्नु पर्नेछ।"

१८. <u>मूल ऐनको दफा ४२ मा संशोधन</u>ः मूल ऐनको दफा ४२ को सट्टा देहायको दफा ४२ राखिएको छः-

"४२. <u>वन क्षेत्रको प्रयोगः</u> (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, लगानी बोर्डबाट लगानी स्वीकृत भएको योजना, राष्ट्रिय गौरवका आयोजना वा नेपाल सरकारले तोकेको मापदण्ड पूरा गरेका राष्ट्रिय प्राथमिकता प्राप्त खनिजजन्य उद्योग सञ्चालन गर्न राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्नु बाहेक अन्य कुनै विकल्प नभएमा र प्रचलित कानुन बमोजिमको वातावरणीय अध्ययनबाट त्यस्तो योजना, आयोजना वा उद्योग सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा नेपाल सरकार मन्त्रिपरिषद्ले त्यस्तो योजना, आयोजना वा उद्योग सञ्चालन गर्नको लागि राष्ट्रिय बनको कुनै भाग प्रयोग गर्न तोकिएबमोजिम स्वीकृति दिन सक्नेछ।

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनका लागि "राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको योजना, आयोजना वा राष्ट्रिय योजना आयोगले यकिन गरेको आयोजना सम्झनुपर्छ।

(२) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, लगानी बोर्डबाट लगानी स्वीकृत भएको योजना, राष्ट्रिय गौरवका आयोजनाबाट वातावरणमा असर पर्ने देखिएमा उपयुक्त जोखिम न्यूनीकरण उपायहरूको अध्ययन गरी सो अध्ययनका सुरक्षाका उपाय तथा प्रविधि यकिन गरी कार्यान्वयन गर्ने सर्तमा नेपाल सरकार मन्त्रिपरिषद्ले त्यस्तो योजना, आयोजना वा उद्योग सञ्चालन गर्नको लागि राष्ट्रिय बनको कुनै भाग प्रयोग गर्न तोकिए बमोजिम स्वीकृति दिन सक्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्रदेश वा स्थानीय तहले कुनै विकास योजना वा आयोजना सञ्चालन गर्दा राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्नु बाहेक अन्य कुनै विकल्प नभएमा र प्रचलित कानुन बमोजिमको वातावरणीय अध्ययनबाट त्यस्तो योजना वा आयोजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा वा असर पर्ने देखिएमा उपयुक्त जोखिम न्यूनीकरण उपायहरूको अध्ययन गरी सो अध्ययनका सुरक्षाका उपाय तथा प्रविधि यकिन गरी कार्यान्वयन गर्ने सर्तमा प्रदेश वा स्थानीय तहको प्राथमिकता प्राप्त आयोजना हो भनी प्रदेश मन्त्रिपरिषद्बाट निर्णय गरी नेपाल सरकारसमक्ष अनुरोध गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम अनुरोध भई आएमा नेपाल सरकार, मन्त्रिपरिषद्ले यस दफाको अधीनमा रही त्यस्तो योजना वा आयोजना सञ्चालन गर्न राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न स्वीकृति दिन सक्नेछ।

(५) उपदफा (१), (२) र (३) बमोजिम स्वीकृति प्राप्त योजना, आयोजना वा उद्योग सञ्चालनको लागि राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न दिंदा त्यस्तो योजना, आयोजना वा उद्योगले जति वन क्षेत्र प्रयोग गर्ने हो कम्तीमा त्यति नै क्षेत्रफल बराबरको निजी जग्गाको व्यवस्था गर्न त्यस्तो जग्गामा वृक्षारोपण गरी पाँच वर्षसम्म रुख हुर्काउन तथा सम्भार गर्न र आयोजना सञ्चालन गर्दा हटाउने रुखको दश गुणाको दरले वृक्षारोपण गरी पाँच वर्षसम्म रुख हुर्काउन तथा सम्भार



सचिव

गर्नको लागि आवश्यक पर्ने तोकिए बमोजिमको रकम तोकिए बमोजिमको राजश्व खातामा जम्मा गर्नु पर्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा नेपाल सरकारको अधिकांश स्वामित्वमा रहेको निकायबाट सञ्चालन हुने योजना, आयोजना वा उद्योगले जति वन क्षेत्र प्रयोग गर्ने हो कम्तीमा त्यति नै क्षेत्रफल बराबरको जग्गामा वृक्षारोपण गरी पाँच वर्षसम्म रुख हुर्काउन तथा सम्भार गर्नको लागि आवश्यक पर्ने तोकिए बमोजिमको रकम तोकिए बमोजिमको राजश्व खातामा जम्मा गर्नु पर्नेछ।

तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट निर्माण हुने स्थानीय जनताको जीवनयापनसँग प्रत्यक्ष सम्बन्ध राख्ने खानेपानी, परम्परागत बाटोघाटो र पुलपुलेसा, परम्परागत सिंचाइ कुलो, सरकारी स्वास्थ्य संस्था स्थापनाको योजना, आयोजनाले वन क्षेत्र प्रयोग गरेबापत यस दफा बमोजिम रकम दाखिला गर्नुपर्ने छैन।

(७) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्युत प्रसारण वा वितरण र सञ्चार सेवा सम्बन्धी आयोजनाको हकमा राष्ट्रिय वनको कुनै भागमा टावर राख्नुपर्ने भएमा त्यस्तो टावरले ओगटेको क्षेत्र (टावर प्याड) को लागि उपदफा (४) बमोजिम निर्धारण गरिएको रकमको दश प्रतिशत रकम तथा त्यस्तो प्रसारण लाइन वा विद्युत मार्गको अधिकार क्षेत्र (राइट अफ वे) कायम गरिएको क्षेत्रमा वृक्षारोपण गर्ने र हटाउने रुखको दश गुणाको दरले वृक्षारोपण गरी पाँच वर्षसम्म रुख हुर्काउन र सम्भार गर्नको लागि आवश्यक पर्ने तोकिए बमोजिमको रकम तोकिए बमोजिमको राजश्व खातामा जम्मा गर्नु पर्नेछ।

(८) उपदफा (५), (६) वा (७) बमोजिम प्राप्त रकम वनको विकास गर्नका लागि जग्गाको व्यवस्था गर्न, त्यस्तो जग्गामा वृक्षारोपण गरी रुख हुर्काउन तथा वनको पुनः स्थापना, संरक्षण र व्यवस्थापन गर्नको लागि खर्च गर्नु पर्नेछ।

(९) उपदफा (१), (२), (३) वा (४) बमोजिम वन क्षेत्र प्रयोग गर्न स्वीकृति प्राप्त गर्नेले आयोजना सञ्चालन गर्नुपूर्व प्रचलित कानुन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति गराई कार्यान्वयन गर्नु पर्नेछ।

(१०) उपदफा (१), (२), (३) वा (४) बमोजिम वन क्षेत्र प्रयोग गर्दा प्रचलित कानुन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति पूर्व कार्यलयको सिफारिस साथ विभागको सहमति लिनु पर्नेछ।

(११) उपदफा (५), (६) वा (७) बमोजिम तोकिए तोकिएको रकम राजश्व खातामा जम्मा भएपछि विभाग वा विभागले तोकेको निकाय वा वन निगम वा आयोजना वा योजनाले छनौट गरेका दर्ता भएका इजाजत प्राप्त सेवा प्रदायकले तोकिए बमोजिमको प्रक्रिया पूरा गरी रुख कटान गर्ने वा हटाउने लगायतका कार्य गर्न तोकिए बमोजिमको अवधिभित्र अनुमति दिनेछ।

(१२) उपदफा १० बमोजिम विभागले मापदण्ड तयार गरेको मापदण्ड अनुसार योग्यता पूरा गरेका प्रचलित कानुन अनुसार दर्ता भएका सेवा प्रदायक विभागमा सूचीकृत भएको हुनुपर्नेछ।

(१३) यस दफा बमोजिम राजश्व दाखिला भएको अभिलेख विभागले नेपाल सरकार, अर्थ मन्त्रालयलाई वार्षिक रूपमा जानकारी गराउनु पर्नेछ र सोको आधारमा नेपाल सरकार, अर्थ मन्त्रालयले सङ्कलित राजश्वको पचास प्रतिशत रकम वार्षिक रूपमा वन विकास विकास कोषमा जम्मा गर्नु पर्नेछ।



सचिव

(१४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि कार्बन उत्सर्जन कटौती बापत वा कार्बन क्रेडिट बिक्री बापत प्राप्त रकम वन विकास कोषमा जम्मा गर्नु पर्नेछ।

(१५) यस दफा बमोजिम वनको कुनै भाग प्रयोग गर्न स्वीकृति दिँदा कुनै व्यक्ति वा समुदायलाई कुनै हानिनोक्सानी हुने भएमा नेपाल सरकारले क्षतिपूर्तिको उपयुक्त व्यवस्था गर्नु पर्नेछ।

(१६) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय वनभित्रको पर्यापटनको विकास सम्बन्धी व्यवस्था दफा १३ख बमोजिम हुनेछ।

(१७) यस दफा बमोजिम वन क्षेत्रको जग्गा भोगाधिकार प्राप्त गर्ने उद्योगले आफनो स्वामित्वको हक हस्तानतरण गर्नु परेमा सम्झौताका सर्तहरू समेत हस्तान्तरण हुने गरी नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(१८) वन क्षेत्रको भू उपयोगको लागि भोगाधिकार प्राप्त गरेको वन क्षेत्रको उपयोग तथा वातवरणीय अध्ययन प्रतिवेदन कार्यान्वनको वार्षिक अनुगमन गरी कार्यालयले विभागमा स्थलगत प्रतिवेदन पेस गर्नु पर्नेछ।"

१९. मूल ऐनको दफा ४४ मा संशोधन: मूल ऐनको दफा ४४ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्बन ब्यापार सम्बन्धी व्यवस्था सम्बन्धित कार्बन सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ।

(२) उपदफा (२) पछि देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्बन ब्यापार वाहेकको वातावरणीय सेवाको बोलपत्र कार्यालयले आह्वान गरी तोकिए बमोजिम लाभ बाँडफाँटको व्यवस्था मिलाउन सक्नेछ।"

२०. मूल ऐनको दफा ४६ मा संशोधन: मूल ऐनको दफा ४६ को उपदफा (२) थप गरिएको छः-

"(२) सशस्त्र वन रक्षकको परिचालन वन विभाग वा विभागले तोकेको निकायले गर्नेछ।"

२१. मूल ऐनको दफा ४५ मा संशोधन: मूल ऐनको दफा ४५ को उपदफा (२) को खण्ड "(ङ) पछि देहायको खण्ड (च) राखिएको छः-

"(च) दफा १३ख. को उपदफा (४) बमोजिमको वातावरण शुल्क बापतको रकम।"

२२. मूल ऐनको दफा ६० मा संशोधन: मूल ऐनको दफा ६० को उपदफा (२) मा रहेको "यथाशक्य चाडो" भन्ने शब्दहरू पछि "कार्यालय वा" भन्ने शब्दहरू राखिएका छन्।

२३. मूल ऐनको दफा ६२ मा संशोधन: मूल ऐनको दफा ६२ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

(९) यस ऐन बमोजिमको कसुर सम्बन्धी मुद्दाको अनुसन्धान तहकिकात वन संरक्षणमा खटिएको वन सेवाको प्रदेश सरकारको कम्तीमा छैटौं तहको कर्मचारी वा नेपाल सरकारको कम्तीमा राजपत्रअनङ्कित प्रथम श्रेणीको कर्मचारीले गर्नेछ।

तर ऐनको दफा ४९ को खण्ड (क), (ग), (ट) र (त) को कसुर सम्बन्धी मुद्दाको अनुसन्धान तहकिकात नेपाल सरकारको कम्तीमा राजपत्रनङ्कित प्रथम श्रेणीको कर्मचारीले गर्नेछ।"

(२) उपदफा (९) पछि देहायको उपदफा (१०) र (११) थप गरिएको छः-

"(१०) यस दफा बमोजिम मुद्दा अनुसन्धानको लागि अनुसन्धान अधिकारी तोकिएको विवरण, पक्राउ वा जफत भएका मालसामान विवरण र मुद्दा दायर भएको विवरण त्यस्तो कार्य भएको चौबिस घण्टाभित्र विभागलाई दिनु पर्नेछ।

तर वन्यजन्तु अपराध वा विदेशी नागरिक संलग्न भएको वनजन्य कसुर सम्बन्धी मुद्दाको अनुसन्धान, तहकिकात र अभियोजनका लागि कार्यालयले नेपाल सरकारको कम्तीमा राजपत्रनङ्कित प्रथम श्रेणी वा सोभन्दा माथिको अधिकारीलाई तोक्न सक्नेछ।"

(११) उपदफा (१०) बमोजिमको कसुरमा डिभिजन वन कार्यालय वा सुरक्षा निकायले पक्राउ गरी कार्यालयमा मुद्दा अनुसन्धानको लागि पक्राउ वा जफत गरी ल्याएका मालसामानको विवरण चौबिस घण्टाभित्र कार्यालयमा पेस गर्नु पर्नेछ।"

२४. <u>मूल ऐनको दफा ६५ मा संशोधन</u>: मूल ऐनको दफा ६५ को उपदफा (१) मा रहेको सुरक्षित स्थानमा ल्याई भन्ने शब्दहरू पछि "प्रमुख वा" भन्ने शब्दहरू राखिएका छन्।

२५. <u>मूल ऐनमा दफा ६७ मा संशोधन</u>: दफा ६७ मा देहायको प्रतिवन्धात्मक वाक्यांश थप गरिएको छः-

"तर ऐनको दफा ४९ को खण्ड (क), (ग), (ट) र (त) को कसुर सम्बन्धी मुद्दा नेपाल सरकारको विभागले तोकेको वन नियन्त्रक वा प्रमुखले कारबाही र किनारा गर्नेछ।"

२६. <u>मूल ऐनमा दफा ७१क. थप</u>: मूल ऐनको दफा ७१ पछि देहायको दफा ७१क थप गरिएको छः-

"७१क. <u>विभागको अनुमति लिनुपर्ने</u>: (१) नेपालमा आयात र विदेशमा निर्यात गरिने वन पैदावारको निकासी पैठारी गर्दा विभाग वा विभागले तोकेको कार्यालयको अनुमति लिनुपर्नेछ।

(२) नेपालमा नपाइने रुख प्रजातिको विरुवा उत्पादन, आयात वा वृक्षारोपण गर्दा कार्यालयको तोकिए बमोजिम अनुमति लिनु पर्नेछ।"

(३) नेपाल सरकार वा प्रदेश वा स्थानीय तह वा मातहतका निकायले आनुवांशिकता प्रमाणित गरी कार्यालयबाट अनुमति लिएर मात्र बिउ उत्पादन वा बिउ बिक्रीवितरण वा बिउ रोपण गर्नु गराउनु पर्नेछ।"

२७. <u>मूल ऐनको दफा ७७ मा संशोधन</u>: मूल ऐनको दफा ७७ मा रहेका "तोकिएका" भन्ने शब्दको सट्टा "सोही राजपत्रमा तोकेका" भन्ने शब्दहरू राखिएका छन्।

२८. मूल ऐनमा दफा ७७क थपः मूल ऐनको दफा ७७ पछि देहायको दफा ७७क. थप गरिएको छः-

"७७क. कृषि हानिकारक घोषणा गर्नेः (१) संरक्षित क्षेत्र भएका जिल्ला बाहेकका जिल्लाहरूमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रदेश सरकारले प्रचलित कानुन बमोजिम संरक्षित वन्यजन्तुको सूचीमा रहेका बाहेकका बँदेल दुम्सी, बाँदर, निलगाई लगायतलाई निश्चित समयका लागि प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी कृषि हानिकारक वन्यजन्तु घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कृषि हानिकारक घोषणा गरिएका वन्यजन्तुलाई सम्बन्धित स्थानीय तहले आवश्यकता अनुसार नियन्त्रण र व्यवस्थापन गर्नेछ।"

२९. मूल ऐनको दफा ७९क मा थपः मूल ऐनको दफा ७९ पछि देहायको दफा ७९क थप गरिएको छः-

"७९क. सुराकी परिचालन गर्न सक्नेः विभाग वा कार्यालयले वन अपराध न्यूनीकरण गर्न अनुसन्धानमा सुराकी परिचालन गर्न सक्नेछ।"

३०. निजी वन जङ्गल राष्ट्रियकरण ऐन, २०१३ को खारेजी र बचाउः (१) "निजी वन जङ्गल राष्ट्रियकरण ऐन, २०१३" खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

सचिव